**पारिस्थितिक प्रणालीः**

**लोकसेवा आयोगको परिक्षाको अभ्यासका लागि प्रश्नहरु**

1. पारिस्थितिक प्रणालीको परिचय दिनुहोस। पारिस्थितिक प्रणाली ह्रास हुनाका कारणहरु के के हुन्? यसको सँरक्षणका उपायहरु उल्लेख गर्नुहोस। (3+4+3)
2. पारिस्थितिक प्रणाली र विकासबीचको अन्तर्सम्बन्ध उल्लेख गर्दै नेपालको आर्थिक विकासमा पारिस्थितिक प्रणालीमा खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस। (5+5)
3. नेपालको पारिस्थितिक प्रणालीको विश्लेषण गर्दै सँरक्षणका लागि भएका प्रयासहरुको चर्चा गर्नुहोस। (5+5)
4. मानवीय विकासका क्रियाकलापहरु जस्तै शहरीकरण, औद्योगिकरण एवँ कृषिजन्य क्रियाकलापले पारिस्थितिक प्रणालीमा पारेको प्रभाव विश्लेशण गर्नुहोस। साथै दिगो विकासका क्रियाकलापहरुले यस्ता प्रभावलाई कसरी न्यूनीकरण गर्न सक्छ ? प्रष्ट पार्नुहोस। (5+5)
5. पारिस्थितिक प्रणालीबाट मानव जीवन यापन तथा वातारणीय सन्तुलनका लागि विभिन्न सेवाहरु प्राप्त भएको हुन्छ। यस्ता सेवाहरुलाई उल्लेख गर्दै पारिस्थितिक प्रणालीलाई असर पर्ने अबयवहरु के के हुन् ? चर्चा गर्नुहोस। (5+5)
6. मानवजन्य क्रियाकलापका पारिस्थितिक प्रणालीमा परेको प्रभाव उल्लेख गर्दै नेपालमा पारिस्थितिक प्रणालीको सँरक्षण गर्न गरिएका ब्यबस्थाहरुको चर्चा गर्नुहोस। (5+5)

**जैविक विविधताः**

**सम्भावित प्रश्नहरु**

1. जैविक विविधता भन्नाले के बुझिन्छ ? यसको फाइदा उल्लेख गर्नुहोस। नेपालमा जैविक विविधताको कसरी संरक्षण गर्न सकिन्छ ? (३+३+४) (PSC, २०७३)
2. छोटो टिप्पणी लेख्नुहोसः जैविक विविधता (Biodiversity) (५) (PSC, 2074)
3. जैविक विविधताको अवधारणा उल्लेख गर्दै नेपालमा जैविक विविधता ह्रास हुनाका कारणहरु के हुन सक्छन्? उल्लेख गर्नुहोस। (५+५)
4. जैविक विविधता संरक्षणका लागि गरिएका राष्ट्रिय एवँ अन्तराष्ट्रिय प्रयासहरुको चर्चा गर्नुहोस। (१०)
5. नेपाल जैविक विविधतामा धनी हुनका सूचकहरु प्रस्तुत गर्दै नेपालमा जैविक विविधता संरक्षणका लागि गरिएका ब्यबस्थाहरुको प्रभावकारीता उल्लेख गर्नुहोस। (४+६)
6. पारिस्थितिक प्रणाली र जैविक विविधताबीचको समानता र भिन्नताहरु उल्लेख गर्दै नेपालको आर्थिक - सामाजिक विकासमा यिनीहरुको भूमिकाको चर्चा गर्नुहोस । (2 + 3 + 5)
7. पारिस्थितिक प्रणाली तथा जैविक विविधता ह्रास हुनाका कारणहरु उजागर गर्दै यसको सँरक्षणका लागि गरिएका राष्ट्रिय एवँ अन्तराष्ट्रिय प्रयासहरुको चर्चा गर्नुहोस । (4 + 6)
8. 

**जलवायु परिवर्तन र कार्वन ब्यापारः**

**लोकसेवा आयोगको परिक्षामा सोधिएका प्रश्नहरु**

1. नेपालमा जलवायु परिवर्तनबाट के कस्तो प्रभाव परेको छ ? यस सम्बन्धमा नेपालले अन्तराष्ट्रिय मञ्चमा उठाउनुपर्ने मुद्दाहरू के हुन् ? (5+5 = 10) (PSC, Officer 2076/3/26)
2. जलवायु परिवर्तन विश्वको जल्दोबल्दो मुद्दा हो। नेपालको परिबेशमा जलवायु परिवर्तनलाई कसरी ब्यबस्थापन गर्न सकिन्छ ? उल्लेख गर्नुहोस। (Climate change is emerging issue of the world. How the climate change can be managed in the context of Nepal ?) (PSC, 2077.9.6)
3. जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तनको असर र ती असरलार्य कम गर्न अपनाउनु पर्ने उपायहरु उल्लेख गर्नुहोस। (१०), (लो.से.आ., २०७०)



Dev Raj Bhandari

4. नेपालले जलवायु परिवर्तनका कारण सामना गर्नु परेका मुख्य समस्याहरु दर्शाउनुहोस। यसमा सुधार गर्ने कार्यान्वयन योग्य सुझाबहरु दिनुहोस। (Highlight the main problems of climate change. Write the implementable suggestions to overcome these problems.)
   a. (5+5 = 10) (PSC, Officer 2075/12/02)
5. कार्वन ब्यापार (Carban Trade) परिभाषा दिँदै नेपालले विश्वका विकसित देशहरुबाट कार्वन ब्यापार मार्फत के कसरी लाभ लिन सक्छ ? तथ्यमा आधारित उत्तर दिनुहोस।
   i. (5+5 = 10) (PSC, Local level 6th Officer 2076/5/6)
6. "नेपाल जलवायु परिवर्तनको दृष्टिकोणले उच्च जोखिममा रहेको देश हो" यस भनाइलाई पुष्टि गर्नुहोस ।जलवायु परिवर्तनका असरहरु उल्लेख गर्दै न्यूनीकरणका उपायहरु सुझाउनुहोस । (3+3.5+3.5)
7. जलवायु परिवर्तन ब्यबस्थापन भन्नाले के बुझिन्छ ? यसको असर न्यूनीकरणका लागि गरिएका राष्ट्रिय एवँ अन्तराष्ट्रिय प्रयासहरुको चर्चा गर्नुहोस । (3+7)
8. कार्वन ब्यापारको अबधारणा प्रष्ट पार्नुहोस । "**नेपाल कार्बन ब्यापारको लागि उच्च सम्भावना रहेको देश हो**" यो भनाइप्रति कतिको सहमत हुनुहुन्छ ? यसको आलोचनात्मक दृष्टिकोण समेत प्रस्तुत गर्नुहोस । (3 +4 +3)
9. छोटो टिप्पणी लेख्नुहोसः (5+5)
   a. क) कार्बन ब्यापार (Carbon Trade) ख) जलवायु परिबर्तन (Climate Change).

## वातावरणीय ह्रासः

**लोकसेवा आयोगबाट सोधिएका प्रश्नहरु**

1. वातावरणीय ह्रासका प्रमुख कारक तत्वहरु औंल्याउँदै तिनको नियन्त्रणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस। (Identify the the major Factors responsible for environmental degradation and also mention the effective majors for their control.) (5+5).(PSC, Model)
2. वातावरणीय विनासका कारणहरु उल्लेख गर्नुहोस। वनजँगलको विकासबाट वातावरणीय सन्तुलन कायम गर्न सकिएला? आफ्नो प्रष्ट्याइ उल्लेख गर्नुहोस। (4+6) (PSC, न्याय सेवा, २०७५)
3. वातावरणीय ह्रास भन्नाले के बुझिन्छ? वातावरणीय ह्रासका कारक तत्वहरु निरुपणको लागि दीर्घकालीन रुपमा अबलम्बन गर्नुपर्ने उपायहरु के के हुन्? चर्चा गर्नुहोस। ( What do you mean by environmental degradation? What are the long – term measures to be taken to mitigate the environment degradation?) (10) (PSC, 2077)
4. वातावरणीय ह्रासका कारण तथा यसले पारेका प्रभावहरुको चर्चा गर्दै वातावरणीय ह्रास न्यूनीकरणकालागि अबलम्बन गर्नुपर्ने अल्पकालीन तथा दिर्घकालीन उपायहरु उल्लेख गर्नुहोस । (3+3+4)

## वन विनाश

**लोकसेवाको परिक्षामा सोधिएका तथा महत्वपूर्ण प्रश्नहरु**

- नेपालको बन सम्पदाको अबस्था तथ्य र तथ्याँकमा उल्लेख गर्नुहोस । वन विनाशको प्रमुख कारण औंल्याउँदै वन सँरक्षणका लागि नेपालमा भएका ब्यबस्थाहरुमाथि प्रकाश पार्नुहोस । (3+3+4)
- नेपालमा वन विनाशका हुनाका कारणहरु उल्लेख गर्दै त्यसबाट पारेका असरहरुको विवेचना गर्नुहोस। (Mentioning the reasons of deforestation, discuss the effects of deforestation in Nepal.)

  (10) (PSC, 2071)

Dev Raj Bhandari

- वातावरणीय विनाशका कारणहरु उल्लेख गर्नुहोस । वन जँगलको विकासबाट वातावरणीय सन्तुलन कायम गर्न सकिएला ? आफ्नो प्रष्ट्याइ उल्लेख गर्नुहोस । (Give the reasons of environmental degradation. Is forest development an important solution to maintain balance on environment? Justify your answer.) (4+6) (PSC, 2075.11.17, Law)
- वन विनाशका कारण र असरहरू पहिल्याउँदै तिनको नियन्त्रण गर्न प्रभावकारी उपायहरू प्रस्तुत गर्नुहोस । (Identify the cause and consequences of deforestation and also point out effective measures for their control.) (10) (PSC,2077.9.22)
- दिगो बिकासको अबधारणा उल्लेख गर्दै वन क्षेत्रको ब्यवस्थापनको लागि नेपालले कस्तो परिमाणात्मक लक्ष्य लिएको छ ? उल्लेख गर्नुहोस। (Describe the concept of sustainable development. What are the targets that Nepal has set for sustainable forest management? (4+6) (न्याय सेवा, २०७७, PSC)

## वातावरण र विकासः

**लोकसेवाको परिक्षामा सोधिएका प्रश्नहरु**

1. वातावरणमैत्री विकासको अवधारणा स्पष्ट पार्नुहोस । वातावरणमैत्री विकास प्रबर्द्धनमा देखिएका प्रमुख चुनौती र समाधान गर्ने उपाय बताउनुहोस । (5+5 = 10) (PSC,073)
2. वातावरणमैत्री विकास प्रबर्द्धनका लागि गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयासहरुको चर्चा गर्नुहोस । (10) (PSC,072.12.29)
3. विकास र वातावरणबीच के सम्बन्ध छ ? चर्चा गर्नुहोस । (What is the relation between environment and Development? Discuss. ) (10) (PSC, Officer 2075/12/02)
4. वातावरण र विकासबीचको अन्तरसम्बन्ध पहिचान गर्नुहोस। दिगो विकास लक्ष्य प्राप्त गर्न यी दुइबिच कसरी सन्तुलन मिलाउन सकिन्छ ? (5+5 = 10) (PSC, 2076.3.26)
5. टिप्पणी लेख्नुहोस । क) वाताबरण र विकासबीचको अन्तरसम्बन्ध ख) वातारणीय प्रभाव मूल्याँकन (5+5 = 10) .
6. वातावरण र विकासबीचको अन्तर्सम्बन्धमाथि प्रकाश पार्दै वातावरणमैत्री विकासका लागि गरिएका राष्ट्रिय एवँ अन्तराष्ट्रिय प्रयासहरुको चर्चा गर्नुहोस । (4+6)

## उर्जा सँकट/उर्जा सँरक्षण लोकसेवा आयोगको परीक्षामा सोधिएका प्रश्नहरु :

1. उर्जा सँकटलाई ब्यबहारिक रुपमा कसरी ब्यबस्थापन गर्न सकिएला? साथै उर्जा सँकटका लागि के कस्ता ब्यवहारिक उपायहरुलाई कार्यान्वयन गर्नुपर्ला? चर्चा गर्नुहोस। (5+5) (लोसेआ, 2080)
2. नेपालले अहिले सबैभन्दा बढी उर्जा संकट ब्यहोरिरहेको छ। उर्जा संकट कम गर्न के के बैकल्पिक उपायहरु अवलम्बन गर्नुपर्ला ? बुँदागत रुपमा प्रस्तुत गर्नुहोस। (१०) (लोसेआ, २०७२।१२।२९)
3. जलश्रोतको धनी देश भएर पनि नेपालमा उर्जा संकट हुनुका कारणहरु के हुन् ? साथै सो संकटबाट मुक्ति पाउन के गर्नुपर्छ ? उल्लेख गर्नुहोस। (५+५) (लोसेआ, २०७२।१२।२९)
4. नेपालमा उर्जा संकटको सामाजिक तथा आर्थिक संबेदनशीलता केके रहेका छन् ? मुलुकमा बैकल्पिक तर वातावरण मैत्री उर्जाको स्रोत पवर्द्र्धनका लागि चालिनुपर्ने प्रभावकारी उपयाहरुका बारेमा सुझाब प्रस्तुत गर्नुहोस। (५+५), (लोसेआ, २०७०)
5. नेपाल जलविधुत उत्पादनमा आत्मनिर्भर हुन लागेको वर्तमान सन्दर्भमा अबको **जलविधुतको उत्पादनको मार्गचित्र र उपयोगको रणनीति** कस्तो हुन आबश्यक छ ? चर्चा गर्नुहोस। ( At present, Nepal is in the state of self reliant in hydroelectricity production. What will be the roadmap for production and consumption strategy ahead? Explain.) (10) (PSC, 2077, Law)

Dev Raj Bhandari

6. नवीकरणीय उर्जा भनेको के हो ? नेपालमा नविकरणीय उर्जाका प्रमुख स्रोतका बारेमा समेत चर्चा गर्नुहोस। नेपालमा उर्जा संकट समाधान गर्नका लागि उल्लेख गरिएका ती स्रोतको कुन हदसम्म उपयोग गरिएको छ ? आफ्नो लेखाजोखा प्रस्तुत गर्नुहोस। (२+४+४), (लोसेआ, २०७४।१२।२६)

## विपद् व्यवस्थापनः लोक सेवा आयोगको परीक्षाका लागि Possible Questions

- सँकट तथा विपद बीचको समानता र भिन्नता औंल्याउँदे विपद् ब्यबस्थापन चक्रमाथि प्रकाश पार्नुहोस । (5+5)
- "नेपाल विपद्को दृष्टिकोणमा उच्च जोखिमको देश हो" यस भनाईलाई पुष्टि गर्दै विपद ब्यबस्थापनका लागि नेपालमा भएका ब्यबस्थाहरुको चर्चा गर्नुहोस । (4+6)
- विपद् ब्यबस्थापनको अर्थ उल्लेख गर्नुहोस । विपद् ब्यबस्थापनलाई प्रभावकारी बनाउन कुन कुन पक्षहरुमा ध्यान पुर्याउनुपर्ने ठान्नुहोस । (लोसेआ, नमूना प्रश्न)
- विपद् ब्यबस्थापन भन्नाले के बुझिन्छ ? नेपालमा विपद ब्यबस्थापन सम्बन्धी ब्यबस्थाको छोटकरीमा जानकारी गराउँदै विपद् ब्यबस्थापनमा स्थानीय तहको भूमिकाबारे विबेचना गर्नुहोस।
  (३+३+४) (स्थानीय तह, अधिकृत छैठौं, २०७६।५।७)
- विपद ब्यबस्थापन बारे छोटो परिचय दिनुहोस। विपद् ब्यबस्थापनको कुन चाहिँ तह नेपालका लागि बढी संवेदनशील छ, किन ? (Give brief introduction of disaster management cycle. Which disaster management stage is crucial for Nepal, why? (10)
  (PSC, न्याय, Officer 2075/11/17)
- संकट ब्यबस्थापन भन्नाले के बुझिन्छ ? नेपालमा संकट ब्यबस्थापनका लागि भएका ब्यबस्थाहरु उल्लेख गर्नुहोस।
  (३+३+४)
- नेपाल विपद जोखिमको दृष्टिकोणबाट उच्च जोखिममा रहेको छ। यस सन्दर्भलाई प्रष्ट पार्दै नेपालमा विपद जोखिम न्यूनिकरणका लागि के कस्ता ब्यबस्थाहरु गरिएका छन्? स्पष्ट पार्नुहोस। (४+६)
- विपद ब्यबस्थापन चक्र भन्नाले के बुझिन्छ ? नेपालमा विपद ब्यबस्थापनका अवसरहरु उल्लेख गर्नुहोस। (४+६)
- संकट र विपदमा भिन्नता देखाउँदै विपद ब्यबस्थापनमा निजामति सेवाको भूमिका उल्लेख गर्नुहोस। (५+५)
- विपद जोखिम न्यूनिकरण तथा ब्यबस्थापन राष्ट्रिय परिषदका काम कर्तब्य र अधिकारबारे उल्लेख गर्दै विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन, २०७४ का प्रमुख विषेशताहरु लेख्नुहोस। (५+५)

## फोहोरमैला ब्यबस्थापनः लोक सेवा आयोगको परिक्षाका लागि प्रश्नहरु

1. विशेष गरी नेपालका ठूला शहरहरुमा फोहोरमैला ब्यबस्गापन गम्भीर भएको छ। फोहोरमैला ब्यबस्गापनमा देखिएका समस्याहरु के के हुन्? फोहोर मंलाका समुचित तरिकाले ब्यबस्थापन गर्न सुझाबहरु दिनुहोस। (लोसेआ, 2080, सँघ)
2. शहरको फोहोरमैला ब्यवस्गापन र प्रदुषण नियन्त्रण नगरपालिकाको पहिलो प्राथमिक काम हो। शहरलाई स्वच्छ राख्न सबैभन्दा पहिलो आवश्यकता हो। फोहोरमैला ब्यवस्थापन र प्रदुषण नियन्त्रणको लागि दिगो र अनुसरणयोग्य अभ्यास गेन् नगरपालिका योहो, भन्न सकिन् अवस्था छैन। यो समस्षा समाधान गेन के कस्ता अल्पकालिन र दीर्घकालीन उपायहरु हुनसक्छन्? तर्क सगत सुझावहरु प्रस्तुत गर्नुहोस। (लोसेआ, २०८० वाग्मती प्रदेश)
3. छोटो टिप्पणी लेख्नुहोस। क) फोहोरमैला ब्यबस्थापन ख) वातावरणीय प्रदुषण (लो.से.आ., २०७४)
4. फोहोरमैला ब्यबस्थापन भन्नाले के बुझिन्छ ? फोहोरमैला ब्यबस्थापनका विधिहरु स्पष्ट पार्दै फोहोरमैला ब्यबस्थापनमा स्थानीय तहको भूमिका उल्लेख । (२+४+४)
5. फोहारमैलाको वर्गीकरण गर्दै नेपालमा फोहोरमैला ब्यबस्थापनको लागि भएका ब्यबस्थाहरु उल्लेख गर्नुहोस।
   (४+६)
6. नेपालमा गर्दै फोहोरमैला ब्यबस्थापनका चुनौती र अबसरहरु के के छन् ? उल्लेख गर्नुहोस। (५+५)
7. फोहोरमैला ब्यबस्थापन ऐन, २०६८ र नियमावली, २०७० ले फोहोरमैला ब्यबस्थापनका लागि गरेका ब्यबस्थाहरुको टिप्पणी गर्नुहोस। (१०)

## वातावरणीय प्रदुषणः लोकसेवा आयोगको परिक्षाका लागि अभ्यास प्रश्नहरु

Dev Raj Bhandari

1. वातावरणीय प्रदुषणका कारक तत्वहरू अल्याउदै तिनको नियन्त्रणका प्रभावकारी उपायहरू उल्लेख गर्नुहोस।
(५+५) (PSC, Model Question)
2. वातावरणीय प्रदुषण भनेको हो ? वातावरणीय प्रदुषणका कारक तत्वहरूको निरूपणको लागि दीर्घकालीन रूपमा अवलम्बन गर्नुपर्ने उपायहरू के के हुन् ? चर्चा गर्नुहोस (10) (PSC, 2077.9.22)
3. वातावरणीय प्रदुषणका कारण र असरहरू उल्लेख गर्दै न्यूनिकरणका लागि गरिएका प्रयासहरूको चर्चा गर्नुहोस।
(3+3+4)
4. वायु प्रदुषणको परिचय दिदैँ पछिल्लो समयमा वायु प्रदुषण दिनानु दिन बढी रहेको सन्दर्भमा यसका कारण र असरहरू पहिल्याउँदै न्यूनीकरणका उपायहरू के हुन सक्छन् ? उल्लेख गर्नुहोस। (2+2+3+3)
5. वाताबरण प्रदुषण भन्नाले के बुझिन्छ ? वातावरण प्रदुषणका कारणहरु उल्लेख गर्दै यसलाई नियन्त्रण गर्ने उपायहरु उल्लेख गर्नुहोस।
(2+4+4)

# नमूना प्रश्नोत्तरः

## अभ्यास सेट

**नमूना प्रश्नोत्तरः**

पारिस्थितिक प्रणाली र विकासबीचको अन्तर्सम्बन्ध उल्लेख गर्दै नेपालको आर्थिक विकासमा पारिस्थितिक प्रणालीमा खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस । (5+5)

**उत्तरः पारिस्थिति प्रणाली र विकासबीचको अन्तरसम्बन्धः**

पृथ्वीमा रहेका जैविक र अजैविक बस्तुहरुबीचको अन्तर्सम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ। सन् १९३५ मा A.G. Tansley ले ल्याएको अबधारणा सन् १९८० को दशकमा दिगो विकासको अबधारणासँगै यसको महत्व बढेको पाइन्छ। यसले जीवजिवात्माहरुलाई वासस्थान, खाद्यान्न उपलब्ध गराउँछ। यसले विकासका लागि चाहिने कच्चापदार्थको आपूर्ति गर्न मद्दत गर्दछ। पारिस्थितक प्रणाली र विकासको विचमा अन्तर्सम्बन्ध रहेको हुन्छ जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

**पारिस्थितिक प्रणालीले विकासका लागि**

- साधन श्रोतको ब्यबस्था गर्छ,
- औद्योगिक कच्चा पदार्थको आपूर्ति गर्न मद्दत गर्छ,
- उर्जाको आपूर्ति गराउँछ,
- हरित अर्थतन्त्रको अवधारणालाई सार्थत तुल्याउँछ
- विकासलाई वातावरणमैत्री बनाइ दिगोपना कायम गर्छ,
- पृथ्वीको सौन्दर्यताको रक्षा गर्छ,
- दिगोविकासका लक्ष्यहरु पूरागर्न मद्दत गर्छ,
- विकासको आवश्यकता पहिचानको आधार प्राप्त हुन्छ,
- विकासको लागि स्थान दिन्छ।

**सन्तुलित विकासले पारिस्थितिक प्रणालीको जगेर्नाका लागि**

- वातावरण संरक्षणमा जोड दिन्छ,
- वातावरणीय दिगोपना कायम गर्छ,
- जैविक विविधता संरक्षणमा जोड दिन्छ,

Dev Raj Bhandari

- जलवायु परिवर्तनका असरहरु न्यूनिकरणमा मद्दत गर्छ,
- पारिस्थितिक पद्दति, सिमसार क्षेत्रको संरक्षण, राष्ट्रिय निकुञ्जको विस्तार आदिमा जोड  दिन्छ,
- वातावरणीय अवयबहरु वायु, जल, जमीनको बैज्ञानिक उपयोगीतामा जोड दिन्छ ।
- स्थलीय तथा जलीय पारिस्थितिक प्रणालीको संरक्षणमा जोड दिन्छ ।

**नेपालको आर्थिक विकासमा पारिस्थितिक प्रणालीको भूमिकाः**

पारिस्थितिक प्रणाली महत्वपूर्ण वातावरणीय तत्व हो । यसले मुलुकको आर्थिक, सामाजिक, वातावरणीय क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ जसलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

- औद्योगिक कच्चापदार्थको आपुर्तिमा सहयोग गर्छ ।
- पर्यटन ब्यबसायलाई मजबुत तथा दिगोपना बनाउँछ ।
- कार्वन उत्सर्जन न्यूनीकरण गरी कार्वन ब्यापारबाटब मनग्गे लाभ लिन ।
- माटोको उर्भराशक्तिलाई बढाइ उत्पादन र उत्पादकत्व बृद्दिमा  सहज हुन्छ ।
- अध्ययन, अनुसन्धान, मनोरञ्जन दिने भएकोले पर्यापर्यटन (Eco-tourism) को माध्यमवाट आर्थिक फाइदा पुर्‍याउँछ ।
- यसले कृषिजन्य तथा पशुजन्य उत्पादन बृद्दि गर्ने मद्दत गर्छ ।
- रोजगारीको अवसर अभिबृद्धि गर्छ ।
- जीव,जन्तु, वनस्पति, उत्पादनमा सहयोग गरी आर्थिक उन्नती प्रगतिमा समेत सहयोग पुर्याउँछ ।
- विकासमा दिगोपना कायम गर्नुको साथै दिगो विकासका लक्ष्य हासिल गर्न मद्त गर्छ ।
- जैविकविविधिता संरक्षणमा टेवा पुर्याउछ ।
- वातावरण सन्तुलनमा सहयोग गर्दछ ।
- खाद्य चक्रलाई निरन्तरता प्रदान गर्दछ ।
- उत्पादनको निरन्तरता लाई सहयोग गर्दछ ।
- जलवायु परिवर्तनका असरहरुको न्युनिकरणमा जोड दिन्छ ।

निष्कर्षः पारिस्थितिक प्रणाली वातावरणीय प्रणालीको महत्वपूर्ण अवयब हो । यसले विकासको लागि आबश्यक पर्ने कच्चा पदार्थको आपूर्ति गर्ने देखि विकासलाई वातावरणमैत्री वनाई यसको दिगोपना कायम गरी दिगो विकासका लक्ष्य र उद्देश्य हासिल गर्न समेत मद्दत गर्ने देखिन्छ । तसर्थ यसको सँरक्षणका लागि भएका सँबैधानिक, कानूनी, नीतिगत, सँस्थागत प्रबन्धको प्रभावकारी कार्यान्वयन गरी मुलुक तिब्र आर्थिक विकासमा योगदान पुर्याउनु आजको आबश्यकता हो ।

**२. वातावरणीय ह्रासका कारण तथा यसले पारेका प्रभावहरुको चर्चा गर्दै वातावरणीय ह्रास न्यूनीकरणकालागि अबलम्बन गर्नुपर्ने अल्पकालीन तथा दिर्घकालीन उपायहरु उल्लेख गर्नुहोस । (3+3+4)**

**Ans: वातावरणीय ह्रासः**

मानवीय तथा प्राकृतिक क्रियाकलापका कारण वातावरणीय तत्वहरुमाथि पर्न जाने नकारात्मक प्रभावहरुको समष्टिलाई नै वातावरणीय ह्रास भनिन्छ ।

**वातावरणीय ह्रासका कारणहरुः**

बढ्दो औद्योगिकरण तथा अब्यबस्थित सहरीकरणका कारण वातावरणीय ह्रास बढिरहेको पाइन्छ जसका कारणहरुलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ

Dev Raj Bhandari

| मानवीय कारणहरु | प्राकृतिक कारणहरु |
| --- | --- |
| • तिव्र जनसंख्या बृद्धिका कारण प्राकृतिक श्रोत साधनमा दवाव पर्नु<br>• तिव्र औद्योगिकरणका कारण हानिकारक ग्याँसहरु उत्सर्जन हुनु,<br>• अब्यवस्थित शहरीकरण तथा बसाईसराई,<br>• रासायनिक मल तथा विषदीहरुको अत्याधिक प्रयोग,<br>• मानवीय आवश्यकताको लागिवन जंगलको अत्याधिक विनाश,<br>• हरितगृह ग्याँसहरुको वढ्दो उत्सर्जन<br>• सवारी साधनहरुको तिव्र बृद्धि,<br>• परम्परागत उर्जाको अधिक प्रयोग,<br>• गरीवीको कारण प्राकृतिक श्रोतसाधनमा अधिक भर पर्नु,<br>• वातावरणीय जनचेतना कमजोर हुनु,<br>• वनजंगलमा डढेलो लाग्नु,<br>• आणविक तथा रासायनिक हातहतियारको बढ्दो प्रयोग,<br>• अजवीकरणीय उर्जाको बढ्दो प्रयोग,<br>• परम्परागत उर्जाको बद्दो प्रयोग,<br>• वातावरणीय कानूनहरुको कमजोर पालना, | • वाढी, पहिरो, भूक्षय, जस्तैः कोशीको बाढी, जुरेको पहिरो आदि ।<br>• जलवायु परिवर्तन,<br>• ज्वालामुखी विष्फोटन,<br>• वातावरणीय प्रदुषण,<br>• भुकम्प, जस्तैः २०७२ को भुकम्प, १९९० को भूकम्प<br>• हिमपात, हिमपहिरो,<br>• अम्लिय वर्षा,<br>• हुरी, वतास आदि । |

**वातावरणीय ह्रासका प्रभावः**

- ओजन तहको विनाश,
- जलवायु परिवर्तन,
- हरित गृह ग्याँसको बढ्दो उत्सर्जन,
- जैविक विविधताको ह्रास,
- उर्जा संकट
- अनवीकरणीय उर्जाको बढ्दो खपत (कोइला, पेट्रोल आदि)
- खनिज पदार्थको श्रोत प्रदुषित हुने,
- जलश्रोतमा ह्रास
- माटोको पानी सोस्ने क्षमतामा ह्रास,
- जमीनको सतहमुनिको पानीको सतह घट्नु,
- अम्लिय वर्षामा वृद्धि,
- मरुभूमिकरण बढ्ने,
- उर्भर भूमिमा बाँझोपना बढ्ने,
- पानीका मुहान सुक्ने,
- कृषिको उत्पादन र उत्पादकत्व घट्ने,
- स्वास्थ्यमा प्रतिकुल असर,
- आर्थिक संकट बढ्ने,
- प्राकृतिक प्रकोपको कारण जनधनको क्षती,

Dev Raj Bh

**वातावरणीय ह्रास न्यूनीकरणका लागि गरिएका उपायहरुः**

**अल्पकालीन उपायहरुः**

- वातावरणीय शिक्षा र सचेतना अभिबृद्धि गर्ने,
- टोल सरसफाइ तथा वातावरणी स्वच्छताका अभियानहरु सँचालन गर्ने,
- फोहोरमैला ब्यबस्थापनका लागि आबश्यक विधि तथा डम्पिङ साइटहरुको ब्यबस्थापन गर्ने,
- रासायनिक, जैविक तथा आणविक हातहतियारको उत्पादन, बेचविखन र प्रयोगमा बन्जेद लगाउने,
- प्राकृतिक श्रोत, साधनहरुको दिगो उपयोग गर्ने,
- वातावरणीय प्रदुषण न्यूनीकरणमा जोड दिने,
- अनवीकरणीय उर्जाको खपत घटाउँदै स्वच्छ उर्जामा जोड दिने,

**दीर्घकालीन उपायहरुः**

- वातावरण सम्बन्धी राष्ट्रिय कानून तथा क्षेत्रीय एवं अन्तराष्ट्रिय सन्धिहरुको पालनामा काडाई गर्ने,
- IEE ( Initial Environmental Examination), EIA (Environmental Impact Assessment) पालना गर्ने,
- Polluter Pays Principle / Pollution Prevention Pays जस्ता सिद्धान्त लागू गर्ने,
- अब्यवस्थित औद्योगिकरण तथा शहरीकरणलाई ब्यवस्थित गर्ने,
- वातावरण संरक्षणसंग सम्बद्ध निकायहरुबिच समन्वय कायम गर्ने,
- दिगो विकास लक्ष्य अनुरुप विकास क्रियाकलाप निर्देशित गर्ने,
- जलवायु परिवर्तन अनुकुलनका नीतिहरु अवलम्बन गर्ने,
- हरित सहर, हरित विकास, हरित अर्थतन्त्रमा जोड दिने,
- जनसंख्या बृद्धिलाई वाञ्छित सीमाभित्र राख्ने,

निष्कर्षः

वातावरणीय ह्रास विश्वको एक जल्दोबल्दो समस्या हो । यसले ओजन तहको विनाश, जलवायु परिवर्तनका असरहरु बृद्धि, वातावरणीय प्रदुषण बढाइ पृथ्वीको समग्र वातावरणीय स्वरुपमा नकारात्मक प्रभाव पारेको हुन्छ । यसका असरहरु न्यूनीकरणका लागि माथि उल्लेख गरिएका उपायहरुको अबलम्बन गर्न सकेमा वातावरणीय ह्रास न्यूनीकरण भइ वातावरणीय स्वच्छता कायम हुनसक्छ ।

**३. नेपालको बन सम्पदाको अबस्था तथ्य र तथ्याँकमा उल्लेख गर्नुहोस । वन विनाशको प्रमुख कारण औंल्याउँदै वन सँरक्षणका लागि नेपालमा भएका ब्यबस्थाहरुमाथि प्रकाश पार्नुहोस । (3+3+4)**

**उत्तरः वन सम्पदाः**



Dev Raj Bhandari

रुख, बुट्यान, वनस्पति तथा हरियाली क्षेत्रलाई वन सम्पदा भनिन्छ । नेपाल वन सम्पदामा सार्क राष्ट्रमा दोस्रो धनी रहेको मानिन्छ।

**नेपालको वन सम्पदाको अवस्थाः तथ्य र तथ्यॉंक**

| क्षेत्र तथा वन स्रोत | तथ्यांक |
|---|---|
| विश्वको कुल भूभागमा वन क्षेत्र | ३०.८ प्रतिशत |
| विश्वमा जनसँख्याको आधारमा प्रतिब्यक्ति वन क्षेत्र र रुखहरुको सँख्या | ०.६ हेक्टर र ४२२ वटा रुख |
| वन क्षेत्र | ५९.६२ लाख हेक्टर (४०.४ प्रतिशत) |
| झाडी तथा बुट्यान क्षेत्र | ६.४८ लाख हेक्टर (४.४ प्रतिशत) |
| औसत रुख संख्या | ४३० वटा प्रतिहेक्टर |
| संरक्षित वनको संख्या | १० |
| सामुदायिक वनको सँख्या | २२ हजार ६ सय ८२ |
| धार्मिक वन संख्या | १८६ |
| निजी वनको सँख्या | ५४६० |
| कबुलियती वन | ७९७६ |
| साझेदारी वन संख्या | ३१ |
| संरक्षित क्षेत्र | २३.४ प्रतिशत |
| नेपालमा पारिस्थितिक पद्दति | ११८ जसमध्ये ८० प्रकारका संरक्षित क्षेत्रमा |
| विश्वको कुल भागमा बनले ओगटेको क्षेत्र | ३०.८ प्रतिशत |
| दक्षिण एसियामा सबैभन्दा बढी बन क्षेत्र रहेको देश | भुटान (७२.५% वन क्षेत्र रहेको) |
| दक्षिण एसियामा सबैभन्दा कम बन क्षेत्र रहेको देश | पाकिस्तान (१.८५ वन क्षेत्र रहेको) |
| नेपालमा प्रति ब्यक्ति बन क्षेत्र रहेको | ०.२ हेक्टर बन क्षेत्र |
| नेपालमा प्रति ब्यक्ति रुखहरुको संख्या | १११ वटा रुखहरु रहेको |

Dev Raj Bhandari

| | |
|---|---|
| नेपालमा भूधरातलीय आधारमा सबैभन्दा बढी र कम बन क्षेत्र रहेको क्रमश: | मध्यपहाड र तराई |
| नेपालमा सबैभन्दा बढी बन रहेको प्रदेश | कोशी प्रदेश |
| नेपालमा सबैभन्दा कम बन रहेको प्रदेश | २ नं. प्रदेश |
| नेपालमा वनस्पति उद्यानहरु | ११ वटा |

**वन विनाशका कारणहरुः**

आर्थिक, सामाजिक, ब्यवहारिक कारणबाट वन विनाश हुन्छ जसलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छः

- वन संरक्षण सम्बन्धी नीतिहरुको प्रभावकारीता कमजोर हुनु,
- उच्च जनसंख्या बृद्धिले गर्दा वन सम्पदाको अधिक दोहन,
- अब्यबस्थित बसाइसराई तथा बसोबास, तिब्र शहरीकरण,
- उर्जाको वैकल्पिक श्रोतमा कमी (जस्तै : घरेलु इन्धनको श्रोतको रुपमा दाउरा प्रयोग गर्नु),
- वन विकास संरक्षणको लगानी तथा कार्यक्रमहरुको कमी,
- उच्च अशिक्षित जनसंख्या,
- फितलो वन प्रशासन र सरकारी लापर्वाही,
- वन सम्बन्धित संस्थागत क्षमता कमजोर हुनु,
- सरकार र समुदायबिच समन्वयको अभाव हुनु,
- वन पैदावरको अवैध चोरी निकासी बढ्नु,
- पशु आहार तथा चरिचरण,
- वन जंगलको बढ्दो अतिक्रमण तथा वन डढेलो,
- उद्योगधन्दा तथा कलकारखानामा कच्चा पदार्थको उच्च माग,
- बढ्दो प्राकृतिक प्रकोप (बाढी, पहिरो, भूक्षय आदि),
- विकासका ठूला संरचनाहरु निर्माण, जस्तै : फास्ट ट्रयाक निर्माण,
- रोजगारीका अवसरहरुमा कमी, वनपैदावरमा आश्रित दाउरा बिक्री आदि

## वन सँरक्षणका लागि गरिएका ब्यबस्थाहरुः

**क) संवैधानिक ब्यबस्था :**

- प्रस्तावनामा दिगो विकास उल्लेख,
- धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा राखिएको,

- धारा ५१ मा प्राकृतिक श्रोत साधनको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने,

| ख) कानूनी तथा नीतिगत ब्यबस्थाहरु : | |
|---|---|
| – वन ऐन, २०७६ मा वन विकास कोष, सशस्त्र वन रक्षक सेवाको गठन गरिएको ।<br>– वातावरण संरक्षण ऐन, २०७६<br>– भू तथा जलाधार संरक्षण ऐन, २०३९ र नियमावली, २०४२<br>– प्राकृतिक संरक्षण कोष ऐन, २०३९ र नियमावली, २०४२<br>– राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३०<br>– सँकटापन्न बन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार नियन्त्रण ऐन, २०७३<br>– राष्ट्रिय बन नीति, २०७५<br>– राष्ट्रिय कृषी बन नीति, २०७६ | – नेपाल वन क्षेत्र रणनीति, २०७२<br>– राष्ट्रिय सीमसार नीति, २०६९<br>– पन्ध्रौं योजनामा सघन तथा विविधतायुक्त वनक्षेत्रको सोच,<br>– वार्षिक बजेटमा वन ब्यबस्थापनलाई बैज्ञानिक बनाउने,<br>– दिगोविकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारुप, २०७२<br>– वन दशकः (२०७१-८०)<br>– असार १३ लाइ राष्ट्रिय बृक्षारोपण दिवस मनाइको<br>– १ रुख काट्दा २५ रुख रोप्नुपर्ने कानूनी ब्यबस्गा रहेको । |

निचोडमा,

वनसम्पदा नवीरणीय वातावरणीय प्राकृतिक श्रोत हो । बढ्दो जनसँख्या बृद्धि, अब्यबस्थित सहरीकरण, प्राकृतिक श्रोत साधनको उच्चतम् दोहनका कारण वन विनाश भइरहेको छ । माथि उल्लेखित ब्यबस्थाहरुको प्रभावकारी कार्यान्वयन भएमा वनसम्पदाको सँरक्षण हुनगई वातावरणीय सन्तुलन कायम हुन्छ ।

Dev Raj D